सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १०७ ♦ २०८२ साल पुस ६ आइतवार ♦ 21 Dec 2025♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बर्दिवास साना खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको ७ औ साधारणसभा विना निष्कर्ष टुंगियो

विशाल बस्नेत

**पुस ५ गते, महोत्तरी**

बर्दिवास साना खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको ७ औ साधारणसभा विना निष्कर्ष टुंगिएको छ ।

साधारणसभाको बन्दसत्रमा अनियमितताको सम्बन्धमा छानविन समिती गठन गर्ने र निर्वाचन मण्डल चुनाव घोषणा गर्ने प्रस्तावमा विवाद सिर्जना भएपछी निष्कर्षविहिन बनेको हो ।

बिधान विपरित अध्यक्षले संस्थालाई मनोमानी ढंगले चलाएको र उपभोक्ताहरुको खानेपानी बापतको शुल्कमा व्यापक अनियमितता भएको साधारणसभामा चर्को आलोचना भएको थियो ।



'निर्वाचन समयमा नै गर्नुपर्ने त छदै छ अझ अनियमितताका आधारहरु नै सतहमा आएपछी छानविन पनि महत्वपूर्ण हो । पुर्व अध्यक्ष चुडामणी पोखरेलले भने । 'तर अध्यक्ष पक्षका केही ब्यक्तीहरु आएर विवाद गरेर साधारणसभा नै निष्कर्षविहिन बन्यो ।

खानेपानी संस्थाको बिधान - २०६३ अनुसार निर्वाचित भएका कोषाध्यक्ष र सचिवलाई फर्जी बिधान बनाएर अधिकार खोसिएको सम्बन्धमा पनि साधारणसभामा चर्को आलोचना भयो ।

उपभोक्ताहरुले बिधानविपरित गरिएका कामहरु अवैधानिक र स्वार्थ केन्द्रित भएको हुनाले छानविन समिती र निर्वाचन घोषणा एकसाथ हुनुपर्नेमा जोड दिएका थिए ।

संस्थाका अध्यक्ष भुलन सेन ठकुरीले छानविन समिती गठन गर्ने र निर्वाचन मण्डल बनाउने प्रस्ताव अनुमोदन गरेपनी उन्का आफ्न्तहरु आएर अवरोध गरे ।

## के-के भने उपभोक्ताहरुले ?

अध्यक्षले संस्थालाई अराजक बनाए । खानेपानी खुवाउनु मात्र ठुलो बिषय हैन तर उपभोक्ताहरुलाई छक्याउने गरि जुन डरलाग्दो तथ्यहरु बाहिर आए यसले समग्र बर्दिवासलाई नै संस्थागत विकृतिको दिशामा उन्मुख गराईरहेको छ ।

**- निरज अधिकारी स्थानिय युवा**

फर्जी बिधान संशोधन गरेर खानेपानीलाई बन्दी बनाउने खेल खेलिएको रहेछ । यो निक्कै डरलाग्दो तथ्य उजागर भएपछि यो समितिलाई खारेज गर्ने र नयाँ ढंगले अगाडि बढनुपर्छ भन्ने हाम्रो माग हो यदि यसलाई नजरअन्दाज गरे सबै उपभोक्ताहरु आन्दोलित हुनुपर्ने अवस्था सिर्जना हुँदै छ ।

**- देवनारायण महतो स्थानिय उपभोक्ता**

बर्दिवासमा सवैभन्दा महत्वपूर्ण विषय नै खानेपानी हो । बढदो शहरीकरण र जनघनत्वका कारण यसका व्यवस्थापकिय कमजोरीले खानेपानीको भबिष्यमाथी नै प्रश्न चिन्ह खडा गरिरहेको छ ।

**- स्थानिय युवा रोशन सुस्लिङ्ग**

आज सार्वजनिक गरिएको प्रतिवेदनले नै अध्यक्षलाई चोर र अपराधी भनेर करार गरेको छ । यसलाई वाँहा आफैले स्विकारिसकेको अवस्थामा हामीले भन्नू केही छैन । अब निर्वाचन र अनियमितताका विरुद्ध छानविन गर्नु अर्को विकल्प नै छैन ।

**- भानुभक्त पोखरेल नेता नेकपा एमाले**

नियोजितरुपमा साधारणसभा गर्न नदिने र पदावधि सकिसक्दा पनि निर्वाचन नगराई खानेपानीलाई बन्दी बनाउने प्रयास गरिएको स्पष्ट छ तर यसो अब हुन सक्दैन । भोलि यदि उपभोक्ताहरुले आक्रोश ब्यक्त गरे भने त्यो सवैलाई महंगो पर्न पनि सक्छ ।

**- चेत कुमार थापा स्थानिय नेता लोसपा**

समाजिक संजालभरी भ्रष्टाचार गरेको आरोप नै आरोप छ यसलाई निष्पक्ष छानविन गर्नुपर्छ । कोषाध्यक्ष र सचिवलाई निकालेको विषय पनि स्पष्ट हुनुपर्छ ।

**- चिरञ्जीवी हमाल नेता नेपाली काङ्ग्रेस**

हामीले भ्रष्टाचार र अनियमितता गरेपछि नै आवाज उठाउन सुरु गर्‍यौ जसको परिणामस्वरूप बिधान संसोधनको नाटक गरेर हटाए । मैले गल्ती गरेको रहेछु भने मलाई ५० हजार मानिसको विचमा झुण्ड्याईओस ।

**- भोज प्रसाद फुयाल कोषाध्यक्ष खानेपानी संस्था**

अन्नगिन्ती बेथिती गरिएको छ । अब उपभोक्ताहरु जागरुक हुनुपर्छ । बर्दिवास्स खानेपानीलाई पुर्णरुपमा खोक्रो बनाईएको छ ।

**- बिष्णु भण्डारी सचिव खानेपानी संस्था**




जनकपुरधाम -१४, मुजेलिया
सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.




**EURO DYNAMICS INTERNATION PVT. LTD.**
Bardibas, Mahottari (Sindhuli Road)
Cont. +9779844311010, 9844025184
Email- infoeurodynamicsinternational@gmail.com

# शिक्षकभित्रकै समस्या: विद्यालय बिगार्ने स्वभावहरू

गोपाल प्रसाद यादव,महोत्तरी

विद्यालय ज्ञान आर्जनको केन्द्र मात्र होइन, विभिन्न मानव स्वभावहरूको संगम पनि हो। शिक्षकहरू समाजका दर्पण हुन् भनिन्छ, तर व्यवहारका दृष्टिले सबै शिक्षक एकनासका हुँदैनन्। सहकार्य र सकारात्मक सोचले विद्यालयलाई उचाइमा पुऱ्याउने शिक्षकहरू जति छन्, केही नकार ात्मक स्वभावका शिक्षकका कारण शैक्षिक वातावरण प्रभावित हुने अवस्था पनि देखिन्छ।

**खुट्टा तान्ने स्वभावका शिक्षक**

यस्ता शिक्षक सहकर्मीको प्रगति सहजै स्वीकार गर्न सक्दैनन्। कसैले र ाम्रो काम गरेमा, प्रशंसा वा नयाँ जिम्मेवारी पाउँदा सहयोग गर्नुको सट्टा अवरोध सिर्जना गर्ने प्रवृत्ति देखिन्छ। सहकार्यभन्दा प्रतिस्पर्धा र ईर्ष्या हावी हुँदा समग्र संस्थाको विकास प्रभावित हुन्छ।

आलोचनामै रमाउने शिक्षक

यी शिक्षक सकारात्मक पक्षभन्दा कमजोरी खोज्नमै केन्द्रित हुन्छन्। सहकर्मीको प्रयास र उपलब्धिभन्दा सानो त्रुटिलाई अतिरञ्जित रूपमा प्रस्तुत गर्ने प्रवृत्तिले निरुत्साह बढाउँछ।

**अरूको कमजोरी खोज्ने शिक्षक**

आफ्नो सुधारमा ध्यान दिनुभन्दा अरूको गल्ती खोज्ने स्वभावले विद्यालयमा डर र असहजता सिर्जना गर्छ। साना मानवीय कमजोरीलाई ठूलो मुद्दा बनाउँदा सहकर्मीबीच विश्वास कमजोर बन्छ।

**प्रधानाध्यापकसमक्ष कान भर्ने शिक्षक**

सहकर्मीबीच संवाद र समाधान खोज्नुको सट्टा सिधै प्रधानाध्यापकसम्म कुरा पुऱ्याउने प्रवृत्तिले संस्थागत संस्कृतिमा नकारात्मक असर पार्छ। सत्यभन्दा स्वार्थअनुकूलको विवरणले वातावरण बिग्रन्छ।

**कामचोर स्वभावका शिक्षक**

जिम्मेवारीबाट पन्छिन खोज्ने तर उपलब्धि र सुविधामा अग्रपङ्क्तिमा देखिन चाहने प्रवृत्तिले श्रमको न्यायोचित बाँडफाँडमा प्रश्न उठाउँछ।

**अवसरवादी शिक्षक**

परिस्थिति अनुसार विचार र व्यवहार बदल्ने यस्ता शिक्षकमा मूल्य, सिद्धान्त र नैतिकताभन्दा व्यक्तिगत लाभ प्राथमिक देखिन्छ।

**अहंकारी शिक्षक**

आफूलाई सबैभन्दा जान्ने ठान्ने र अरूको सुझाव नस्वीकार्ने स्वभावले सामूहिक छलफल र संस्थागत विकासमा अवरोध सिर्जना गर्छ।

डर फैलाउने शिक्षक

अनुशासनको नाममा भय प्रयोग गर्ने प्रवृत्तिले दीर्घकालीन रूपमा सिकाइको वातावरण कमजोर बनाउँछ। डरले होइन, विश्वासले संस्थाहरू सबल बन्छन्।

**तटस्थ देखिएर भित्रभित्रै खेल्ने शिक्षक**

बाहिरबाट सबैसँग राम्रो देखिए पनि भित्रभित्रै समूहबन्दी र चालबाजी गर्ने व्यवहारले विद्यालयको वातावरण विषाक्त बनाउँछ।यसबीच, सकार ात्मक र सुधारमुखी शिक्षक पनि छन्, जो सहकार्यमा विश्वास गर्छन्। कमजोरी देखे सुधारको बाटो देखाउने र विद्यालयलाई साझा घरका रूपमा लिने यस्ता शिक्षककै कारण शैक्षिक गुणस्तर उकासिन्छ।

**निष्कर्ष**

विद्यालय एउटा संस्था मात्र होइन, विविध मानव स्वभावहरूको साझा थलो हो। नकारात्मक स्वभाव औंल्याउनुको उद्देश्य दोषारोपण होइन, आत्ममूल्याङ्न र सुधारको मार्ग खोल्नु हो। जब शिक्षकहरू आफ्नै व्यवहारमाथि समीक्षा गर्न तयार हुन्छन्, तब विद्यालय साँच्चिकै सिकाइको पवित्र केन्द्र बन्छ।

# मधेशमा स्थानीय सञ्चारमाध्यमको दिगोपनामाथि गहिरो बहस



**खबर दर्पण समाचारदाता**

**मंसीर ५ गते, बर्दिवास**

मिडिया काउन्सिल, मधेश प्रदेशको आयोजनामा सञ्चालित एक गोष्ठीमा मधेश प्रदेशका सञ्चारमाध्यमहरू गम्भीर संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको निष्कर्ष निकालिएको छ । गोष्ठीमा स्थानीय तथा प्रदेशस्तरीय सञ्चार माध्यमहरूको संस्थागत कमजोरी, आर्थिक अस्थिरता र पेशागत चुनौतीहरूबारे गहिरो छलफल गरिएको थियो ।

कार्यक्रममा वक्ताहरूले सञ्चार माध्यमहरू आर्थिक रूपमा कमजोर रहँदा पत्रकारहरूको पेशागत स्वतन्त्रता, सुरक्षा र गुणस्तरमा प्रत्यक्ष प्रभाव परेको बताएका थिए । सञ्चार संस्था सबल नभएसम्म पत्रकार सबल हुन नसक्ने साझा धारणा व्यक्त गर्दै मिडिया सञ्चालनलाई व्यवस्थित, पारदर्शी र दिगो बनाउन राज्यको नीतिगत सहयोग अपरिहार्य रहेको उल्लेख गरिएको थियो ।

गोष्ठीमा महोत्तरी जिल्लाका सञ्चारमाध्यमहरूको अवस्थाबारे पत्रकार राकेश चौधरीले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय सञ्चार गृहहरू सीमित स्रोत, न्यून विज्ञापन र दक्ष जनशक्तिको अभावका कारण दीर्घकालीन सञ्चालनमा कठिनाइ भोगिरहेको तथ्य प्रस्तुत गर्नुभयो । स्थानीय सरकार र निजी क्षेत्रसँगको सहकार्य कमजोर हुँदा सञ्चारमाध्यमहरू निरन्तर दबाबमा परेको उहाँको भनाइ थियो ।

यस्तै, धनुषा जिल्लाका सञ्चार माध्यमहरूको अवस्थाबारे पत्रकार नागेन्द्र नागवंशीले प्रस्तुत गरेको कार्यपत्रमा सञ्चार माध्यमहरूको संख्या बढे पनि संस्थागत सुशासन, सम्पादकीय स्वतन्त्रता र व्यावसायिक मर्यादामा चुनौती कायम रहेको उल्लेख गरिएको थियो। डिजिटल मिडियाको तीव्र विस्तारसँगै विश्वसनीयता र उत्तरदायित्व झनै महत्वपूर्ण बनेको उहाँले बताउनुभयो ।

कार्यक्रममा बोल्दै मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष सुरेश यादवले सञ्चार क्षेत्रलाई सुदृढ बनाउन स्पष्ट नीति, कानुनी संरक्षण र प्रभावकारी अनुगमन आवश्यक रहेको बताउनुभयो । उहाँले सञ्चार गृहहरूको दर्ता, वर्गीकरण र क्षमता अभिवृद्धि कार्यक्रमलाई काउन्सिलले प्राथमिकतामा राखेको जानकारी दिनुभयो ।

प्रमुख अतिथि प्रदेशसभा सदस्य माननीय शारदा थापाले लोकतन्त्र सुदृढ बनाउन स्वतन्त्र र उत्तरदायी सञ्चारमाध्यम अनिवार्य रहेको उल्लेख गर्दै प्रदेश सरकारले सञ्चार क्षेत्रसँग सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभयो । गोष्ठीमा मिडिया काउन्सिल बोर्ड सदस्यहरू रिंकु मिश्रा (गायत्री), बन्धना झा, मनु पासवान, प्रशासकीय अधिकृत ओम विक्रम कटुवाल, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो (क्रान्ति), महोत्तरी शाखाका अध्यक्ष महेश दास, धनुषा शाखाका अध्यक्ष पुरन गुप्ता लगायतले आ-आफ्ना अनुभव र सुझाव राखेका थिए ।

महोत्तरी र धनुषा जिल्लाका विभिन्न सञ्चारमाध्यमका सञ्चालक, प्रकाशक तथा कार्यरत सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागितासहित सम्पन्न गोष्ठीले मधेश प्रदेशको सञ्चार क्षेत्र सुधारका लागि साझा निष्कर्ष र भावी दिशा बारे महत्वपूर्ण बहस अघि बढाएको सहभागीहरूको भनाइ थियो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशको सभामुखका लागि यादव र त्रिलोकीको उम्मेदवारी दर्ता

**खबर दर्पण समाचारदाता**

**पुस ५ गते, जनकपुरधाम**

मधेश प्रदेश सभाको सभामुख पदका लागि सत्तारुढ सात दलीय गठबन्धन र नेकपा एमालेबाट छुट्टाछुट्टै उम्मेदवारी दर्ता भएको छ।

सात दलीय गठबन्धनको तर्फबाट रामअशिष यादव र एमालेबाट त्रिलोकी प्रसादले सभामुख पदका लागि उम्मेदवार ी दर्ता गराएका हुन्।

सात दलीय गठबन्धनका साझा उम्मेदवार जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतकसमेत रहेका रामअशिष यादवले प्रदेश सभा सचिवालयमा दिउँसो करिब १ बजे उम्मेदवारी दर्ता गराएका छन्। यादवको उम्मेदवारीमा नेपाली कांग्रेसका प्रदेश सभा सदस्य वीरेन्द्र कुमार सिंह प्रस्तावक तथा नेकपा माओवादी केन्द्रका फकिरा महतो समर्थक रहेका छन्।

उम्मेदवारी दर्ताअघि बसेको सात दलीय गठबन्धनको बैठकले सर्वसम्मत रूपमा यादवलाई साझा उम्मेदवार बनाउने निर्णय गरेको थियो। गठबन्धनले प्रदेश सभामा स्थायित्व, सहकार्य र निष्पक्ष संसदीय अभ्यासलाई सुदृढ बनाउने उद्देश्यसहित अनुभवी र संवाद गर्न सक्ने नेतालाई अघि सारेको जनाएको छ।

गठबन्धनका एक नेताका अनुसार सभामुख पद संसद्को मर्यादा र निष्पक्ष भएकाले सबै दलसँग समन्वय गर्न सक्ने र संसदीय प्रक्रिया बुझ्ने व्यक्तिलाई उम्मेदवार बनाइएको हो।

यसैबीच, प्रमुख प्रतिपक्ष नेकपा एमालेबाट त्रिलोकी प्रसादले दिउँसो करिब ३ बजे सभामुख पदका लागि उम्मेदवारी दर्ता गराएका छन्।

प्रसादको उम्मेदवारीमा एमालेकी प्रदेश सभा सदस्य शारदा देवी थापा प्रस्तावक तथा जयचन्द्र प्रसाद पटेल समर्थक रहेका छन्।

सभामुख उम्मेदवारी दर्ताअघि बसेको एमाले संसदीय दलको बैठकले त्रिलोकी प्रसादलाई आधिकारिक उम्मेदवार बनाउने निर्णय गरेको थियो। एमालेले संसदीय प्रक्रिया, विधि र विधानको पालना गर्दै प्रदेश सभालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने क्षमताका आधारमा प्रसादलाई उम्मेदवार बनाइएको जनाएको छ।

एमालेका एक नेताले भने, 'सभामुख पद प्रदेश सभाको गरिमा, अनुशासन र निष्पक्षतासँग जोडिएको जिम्मेवारी भएकाले अनुभव र संसदीय अभ्यासको ज्ञान भएका व्यक्तिलाई अघि सारिएको हो।'

यसअघि सभामुख रहेका रामचन्द्र मण्डल पदमुक्त भएपछि पद रिक्त रहँदा प्रदेश सभाको नियमित कामकारबाही प्रभावित हुँदै आएको थियो। नयाँ सभामुख चयनसँगै प्रदेश सभाको कार्यसूची पुनः नियमित हुने विश्वास गरिएको छ।





मधेश प्रदेश राजनीतिमा अनुभवी मानिने रामअशिष यादवले यसअघि प्रमुख सचेतकका रूपमा विभिन्न विधेयक, प्रस्ताव र संसदीय अभ्यासमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। प्रदेश सभामा सात दलीय गठबन्धनको स्पष्ट बहुमत रहेकाले यादवको निर्वाचन लगभग सुनिश्चित देखिएको छ।

प्रदेश सभा सचिवालयका अनुसार निर्धारित कार्यतालिकाअनुसार उम्मेदवारी दर्तापछि सभामुख चयनका लागि मतदान प्रक्रिया अघि बढाइनेछ।




शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,

- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प

- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# हिरा गौतमको ५०औँ जन्मदिनमा 'गौतम होटल शिक्षा अक्षय कोष' स्थापना




**जीवनराज दाहाल**
**पुस ५ गते, बर्दिवास**

बर्दिवास-१४ मा एकीकृत नमुना मुसहर बस्ती बर्दिवास-१४ को सहयोगार्थ 'गौतम होटल शिक्षा अक्षय कोष' स्थापना गरिएको छ। आफ्नो ५०औँ जन्मदिनको अवसर पारेर समाजसेवी हिरा गौतमले उक्त अक्षय कोषको र कम हस्तान्तरण गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको हो ।

"तपाईं हाम्रो अभियान शिक्षामा योगदान" भन्ने मूल नारासहित आयोजित कार्यक्रममा शिक्षा क्षेत्रमा दीर्घकालीन सहयोग पुऱ्याउने उद्देश्यले अक्षय कोष स्थापना गरिएको आयोजकले जनाएको छ । गौतम होटलको पहलमा स्थापना गरिएको उक्त कोषबाट बर्दिवास-१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका बालबालकाको शिक्षामा सहयोग पुग्ने विश्वास लिइएको छ ।

कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि तथा सहभागीहरूले हिरा गौतमलाई ५०औँ जन्मदिनको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा स्थानीय समाजसेवी, बुद्धिजीवी, पत्रकार तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको थियो । सहभागी वक्ताहरूले शिक्षा नै समाज रूपान्तरणको आधार भएको उल्लेख गर्दै यस्ता पहलले पछाडि पारिएका समुदायका बालबालिकालाई उज्यालो भविष्यतर्फ डोऱ्याउने बताएका थिए ।

# महोत्तरीसहित मधेशमा शितलहर र बाक्लो हुस्सु,अत्यधिक चिसोले जनजीवन प्रभावित



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**पुस ५ गते, महोत्तरी**


महोत्तरीसहित मधेशका विभिन्न जिल्लामा पछिल्ला दुई दिनदेखि बाक्लो हुस्सु र शितलहरका कारण अत्यधिक चिसो बढेको छ। विगत केही दिनको तुलनामा शुक्रबार र शनिबार जाडो निकै बढेको स्थानीयले बताएका छन्। यसअघि बिहीबारसम्म पारिलो घाम लागे पनि पछिल्ला दुई दिनदेखि हुस्सु र शितलहर चलेपछि चिसो बढेको औरही नगरपालिका-२ का स्थानीय दिनेश यादवले जानकारी दिए। उनका अनुसार बिहानैदेखि बाक्लो हुस्सु लाग्नुका साथै पानी परेजस्तै लगातार शित खसि रहेको छ। शितलहरसँगै पश्चिमी हावा (स्याँठ) चल्दा चिसो झनै बढेको र स्थानीयवासी आगो तापेर बस्न बाध्य भएको उनले बताए।

चिसो बढेपछि दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्ने वर्ग सबैभन्दा बढी प्रभावित भएको देखिएको छ। सडकमा मानिसको चहलपहल कम हुँदा आम्दानी घटेको औरही नगरपालिका-१ स्थित औरही बजारका टेम्पु मजदुर मुकेश यादवले बताए।यसअघि दैनिक करिब दुई हजार रुपैयाँसम्म कमाइ हुन्थ्यो,अहिले पाँच सय रुपैयाँ कमाउन पनि मुस्किल भएको छ,उनले गुनासो गरे। औरही नगरपालिका-२ का अर्का ज्यालादारी मजदुर चन्दर सादाले चिसोका कारण काम गर्नै नसक्ने अवस्था रहेको बताए।

हरेक जाडोयाममा महोत्तरी सहित तराई-मधेश क्षेत्रमा लामो समयसम्म शितलहर चल्ने र घाम नदेखिने हुँदा चिसोको कहर झेल्नुपर्दै आएको छ। यसपटकको चिसोले मानिससँगै पशुचौपाय तथा कृषि बालीमा समेत असर पुऱ्याएको छ। चिसोका कारण विशेषगरी बालबालिका र वृद्धवृद्धा बढी समस्यामा परेको स्थानीयको भनाइ छ।

चिसोबाट बच्न तातो झोलिलो खानेकुरा सेवन गर्न,न्यानो कपडा लगाउन तथा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन स्वास्थ्यकर्मीले सर्वसाधारणलाई आग्रह गरेका छन्। चिसो बढेसँगै अस्पतालहरूमा बिरामीको चापसमेत बढ्दै गएको छ।

कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधैं जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सुविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,